# रेडप्लसमा स्वतन्त्र, अग्रिम र सुसूचित सहमति

## स्थानीयस्तरका सहजकर्ताका लागि हातेपुस्तिका

### प्रश्न तथा उत्तरहरू



RECOFTC
THE CENTER FOR PEOPLE AND FORESTS

**रेडप्लसमा स्वतन्त्र, अग्रिम र सुसूचित सहमती:** *स्थानीय स्तरका सहजकर्ताका लागि हाते पुस्तिका*
प्रश्नोत्तर

सर्वाधिकार @ रिकफ्ट जनवरी २०१४
बैंकक, थाइल्याण्ड
नेपालीमा अनुवादः
हरिशरण लुंईटेल
विष्णुहरि पौड्याल
फोटो : रिकफ्ट

यो प्रकाशन प्रति आभार प्रकट गर्दै रिकफ्टको पूर्व स्वीकृतिबिना पनि शैक्षिक र गैह्रव्यापारिक प्रयोजनकालागि यो प्रकाशन पुन छपाई गर्न सकिनेछ । तर व्यापारिक प्रयोजनका लागि प्रकाशन गर्नुपरेमा लिखितरुपमा रिकफ्टको पूर्व स्वीकृति लिनुपर्नेछ ।

यो प्रकाशन नर्वेजियन विकास सहयोग नियोग (नोराड) को आर्थिक सहयोगमा सञ्चालित रेडप्लसका लागि स्थानीय क्षमता अभिबृद्धि परियोजनाद्वारा तयार पारिएको हो । यस प्रकाशनमा व्यक्त विचारहरु रिकफ्ट र नोराडका नहुन सक्दछन् ।

# प्रकाशनको उद्धेश्य

यो प्रकाशन रेडप्लस तथा जलवायु परिवर्तनसम्बन्धी आधारभूत ज्ञान भएका स्थानीयस्तर मा कार्यरत तालिम स्रोतव्यक्ति तथा सहजकर्ताहरुलाई सहयोग पुऱ्याउने उद्धेश्यले तयार पारिएको छ ।

यो प्रश्नोतर पुस्तिका आदिबासी जनजाति तथा स्थानीय समुदायको जीविकोपार्जन, जमिनमा पहुँच तथा सामाजिक र साँस्कृतिक महत्व तथा आदर्शलाई प्रभाव पार्नसक्ने बाह्य क्षेत्रबाट प्रस्तावित परियोजना सञ्चालन गर्न अनुमति दिने वा नदिने भन्ने कुराको आत्मनिर्णय गर्ने अधिकार तिनै आदिवासी जनजाति तथा स्थानीय समुदायको हुन्छ भन्ने सिद्धान्तका आधारमा तयार पारिएको छ ।

हाल रेडप्लसमा बढ्दैगरेको सामाजिक तथा वातावरणीय सुरक्षासम्बन्धी चासोलाई विचार गर्दै यस पुस्तिकामा १० वटा प्रश्न र उत्तरहरु समावेश गरिएका छन् ।

नेपालीमा तयार भएको यो प्रश्नोत्तर पुस्तिका अंग्रेजीमा तयार भएको "The Fee, Prior and Informed Consent in REDD+: A handbook for grassroots facilitators", बाट अनुबाद गरि नेपाल सान्दर्भिक बनाइएको हो ।

स्थानीयस्तरमा सञ्चालित क्षमता  अभिबृद्धि कार्यक्रममा बारम्बार उठेका प्रश्नहरु यस पुस्तिकामा समावेश गरिएका छन् । पुस्तिकाले निम्न कुराहरु व्याख्या गर्न मद्दत गर्नेछ ।

- एफपीआइसीको आधारभूत अवधारणा, उत्पत्ति र महत्व
- एफपीआइसीका आधारभूत सिद्धान्तहरु
- प्राकृतिक स्रोत (खासगरी वन) व्यवस्थापनमा एफपीआइसीको अवस्था
- एफपीआइसीलाई सहयोग पुऱ्याउने राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन तथा कानुनी संरचनाहरु
- रेडप्लस प्रकृयामा एफपीआइसीको हालको अवस्था
- एफपीआइसीलाई व्यवहारमा लागू गर्दा आइपर्ने प्रमुख चुनौती तथा आदिवासी जनजाति र स्थानीय समुदायको भूमिका

पुस्तिकामा विभिन्न अवधारणाहरुलाई प्रष्ट पार्नका लागि उपयुक्त उदाहरणहरु समेत समावेश गरिएका छन् । एसिया तथा प्रशान्त क्षेत्रमा रेडप्लस तथा एफपीआइसीका प्रक्रियाहरु सीमितमात्रामा भएकाले उदाहरणहरु अन्य बिषयगत तथा भौगोलिक क्षेत्रहरुबाट समेत लिइएका छन् ।

# मुख्य प्रश्नहरू





**प्रश्न १** स्वतन्त्र, अग्रिम र सुसूचित सहमती (एफपीआइसी) को अवधारणा के हो र यो किन महत्वपूर्ण छ ?

**प्रश्न २** एफपीआइसी प्रक्रियामा "स्वतन्त्र" भन्नाले के बुझिन्छ ?

**प्रश्न ३** एफपीआइसी प्रक्रियामा "अग्रिम" भन्नाले के बुझिन्छ ?

**प्रश्न ४** एफपीआइसी प्रक्रियामा "सुसूचित" भन्नाले के बुझिन्छ ?

**प्रश्न ५** एफपीआइसी प्रक्रियामा "सहमती" भन्नाले के बुझिन्छ ?





**प्रश्न ६** प्राकृतिक स्रोत व्यवस्थापनका कुनकुन क्षेत्रहरुमा एफपीआइसीको अवधारणा लागू गर्न सकिन्छ ?

**प्रश्न ७** वन व्यवस्थापनको क्षेत्रमा एफपीआइसी किन आवश्यक छ र हाल यसको अवस्था कस्तो छ ?

**प्रश्न ८** एफपीआइसीका लागि के कस्ता राष्ट्रिय र अन्तराष्ट्रिय कानुन तथा कानुनी संरचनाहरु आवश्यक पर्दछन् र रेडप्लसमा एफपीआइसीको हालको अवस्था के कस्तो छ ?

**प्रश्न ९** एफपीआइसीलाई व्यवहारमा लागू गर्दा आइपर्ने चुनौतीहरु के कस्ता छन् वा हुन सक्दछन् र राष्ट्रिय स्तरमा रेडप्लसमा एफपीआइसी कार्यान्वयनको सुनिश्चितताका लागि कुन संस्था आवश्यक पर्दछ?

**प्रश्न १०** एफपीआइसीलाई रेडप्लसका सन्दर्भमा लागू गर्नका लागि स्थानीय जनताको भूमिका के हुन सक्दछ ?





# प्रश्न १

## स्वतन्त्र, अग्रिम र सुसूचित सहमती (एफपीआइसी) को अवधारणा के हो र यो किन महत्वपूर्ण छ ?

एफपीआइसीलाई संक्षेपमा आत्मनिर्णयको अधिकारको रुपमा बुझ्न सकिन्छ। विकास तथा आधारभूत भौतिक संरचना निर्माणको योजना बनाउँदा वा कार्यान्वयन गर्दा एफपीआइसीले स्थानीय संस्कृति सुहाउँदो प्रक्रिया अवलम्बन गरी आदिवासी तथा स्थानीय समुदायको अधिकारको सुनिश्चितता गराउँदछ।[1]आफ्नो जीविकोपार्जनका साथै जमिन तथा अन्य स्रोतको प्रयोगमा समेत प्रत्यक्ष प्रभावपार्ने कुनै पनि प्रस्तावित परियोजनाका बारेमा आफ्ना कुरा राख्दै सम्झौता गर्न पाउने अधिकार आदिवासी तथा स्थानीय समुदायमा नै निहित हुन्छ भन्ने आधारमा एफपीआइसीको अवधारणा बनाइएको हो ।[2]अर्को शब्दमा भन्ने हो भने प्रस्तावित वाह्य परियोजना स्वीकार या अस्वीकार गर्ने कुरा आदिवासी जनजाति तथा स्थानीय समुदायमा निहित हुन्छ अर्थात् त्यस्ता परियोजना कुन अवस्थामा कसरी लागू गर्ने भन्ने कुरामा उनीहरुको भनाइले प्रमुख स्थान पाउँदछ ।[3] तैपनि प्रभावकारी रुपमा आफ्नो भनाइ राख्नका लागि उनीहरुसँग प्रायजसो पर्याप्त राजनैतिक शक्ति हुँदैन। त्यस्तो अवस्थामा एफपीआइसीले उनीहरुलाई आफ्नो आधारभूत अधिकारको रुपमा आफ्ना भनाइ राख्न र प्रस्तावित परियोजनालाई आफूप्रति उत्तरदायी बनाउन आवश्यक अवसर तथा संयन्त्र प्रदान गर्दछ ।

हुनत एफपीआइसीको अवधारणा कुनै नौलो अवधारणा भने होइन। यसको सुरुवात् परियोजना सञ्चालक र स्थानीय जनताबीच विवाद ल्याउने सम्भावना धेरै भएका ठूलाठूला विकास परियोजनाहरुको विकाससँग जोडिएको छ। [4]खानी तथा पेट्रोलियम र ग्याँस [5]जस्ता ठूल्ठूला प्राकृतिक स्रोत दोहन गर्ने विकासे उद्योगहरु यसका ज्वलन्त उदाहरण हुन् ।

ऐतिहासिक काल देखि नै आदिवासी तथा स्थानीय समुदायलाई संलग्न नगराई उनीहरुको जीविकोपार्जनमा असर पार्ने तथा उनीहरुको परम्मरागत जमीनको स्वामित्वलाई प्रभावपार्ने गरी विकास निर्माणका निर्णयहरु गरिँदै आएकोले गर्दा हाल एफपीआइसीको आवश्यकता खड्किएको छ ।

---

1. Local people are those who reside in and around the forests and whose livelihoods heavily depend on forest products and services. Local people include indigenous communities, ethnic minorities, migrants and smallholder farmers in rural areas.
2. Edwards, K, Triraganon, R, Silori, C, & Stephenson, J 2012, *Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives: A Training Manual*, RECOFTC, IGES and Norad, Bangkok, Thailand.
3. Ibid.
4. Mahanty, S & McDermott, CL 2012, 'Free, Prior and Informed Consent in Mining and Forest Certification: Lessons for REDD+. Presented at "*Beyond Carbon*", *Justice and Equity in REDD+* workshop, University of Oxford. Available from: <www.eci.ox.ac.uk/redd/downloads/ppt/1-3-mcdermott.pdf >. [ 7 January 2014].
5. Voss, M, & Greenspan, E 2012, *Community Consent Index: Oil, Gas and Mining Company Public Positions on Free, Prior, and Informed Consent*, Oxfam America Research Backgrounder series, Available from: <www.oxfamamerica.org/files/community-consent-index.pdf>. [7 January 2014].



प्रारम्भमा एफपीआइसीको उद्देश्य आदिवासीहरुमा केन्द्रित भएता पनि यस क्षेत्रमा बढ्दै गएका अध्ययन, अनुसन्धान र चासोका कारण वनक्षेत्र र जमीनमा आधारित सम्पूर्ण जनताका लागि यो उत्तिकै सान्दर्भिक भएको छ । त्यसकारण सैद्धान्तिक रुपमा एफपीआइसीको अधिकार आदिबासी तथा स्थानीयसमुदायको जीविकापार्जन र संस्कृतीमा प्रभाव पार्ने कुनै पनि परियोजनामा लागू हुन्छ । आधिकारिक रुपमा राम्ररी एफपीआइसी सञ्चालन नगरिएको खण्डमा विकासका परियोजनाहरुप्रति आदिवासी तथा स्थानीय समुदायको वितृष्णा हुनाको साथै  त्यसको विरोधसमेत हुने गर्दछ । अझै परियोजनाले स्थानीय संस्कृति, जीविकोपार्जन तथा समाजकल्याणमा नकारात्मक असर पारेमा परियोजनाले विवाद बढाउँदछ । राम्ररी एफपीआइसी नगरिएका कारण आदिवासी तथा स्थानीय समुदायको विरोध भई संसारभर नै थुप्रै परियोजनाहरु अल्पकालीन वा दीर्घकालीनरुपमा रोकिएका छन् । फलस्वरुप परियोजना सञ्चालकहरु लगानी बढाउन, घाटा सहन तथा कार्वान्वयनमा ढिलाइ गर्न बाध्य भएका छन् । आदिबासी तथा स्थानीय समुदायहरु पनि विभिन्न किसिमका आर्थिक, साँस्कृतिक, सामाजिक तथा जीविकोपार्जनसम्बन्धी नकारात्मक प्रभावहरु सहन बाध्य छन् (बाकस १ हेर्नुहोस्) ।

## बाकस १: सहमती लिन नसक्दाका जोखिमहरु

**मेकोङ नदीको जायावुरी बाँध :** मेकोङ नदीमा जायावुरी बाँध निर्माण गर्ने प्रस्तावले थुप्रै स्थानीय समुदाय तथा नागरिक समाजबाट आलोचना तथा विरोध खप्नु पर्‍यो । सन् २०११ को सुरुदेखि नै कम्बोडियाको गैह्रसरकारी संस्था मञ्चले नेतृत्व गरेको कम्बोडियन नदी सञ्जाल (आरसीसी)ले सो परियोजना लागू नगर्न माग गरेको छ । खासगरी माछापालनमा संलग्न स्थानीय जनताको जीविकोपार्जनमा सो बाँध परियाजनाले नकारात्मक असरपार्ने हुनाले विरोध गरिएको हो । त्यसको अलावा, बाँधले गर्दा थुप्रै खेतीयोग्य जमीन र वनमा बाढी आउनसक्ने र सीमसार क्षेत्रको पारिस्थिकीय प्रणालीमा समेत नकारात्मक प्रभाव पर्ने देखिएको छ (जस्तै बाँधले बालुवा बगाउने कार्य गर्नाले तल्लोतटीय क्षेत्रमा डेल्टा बन्ने प्रक्रियामा बाधा पुग्नेछ) । वातावरणीय प्रभाव अध्ययन (इआइए)को प्रक्रिया पनि सन्तोषजनक नभएको भनी विरोध गरिएको छ। इआइएको प्रतिवेदनले बाँधको क्षेत्र र तल्लोतटीय क्षेत्रमा जम्मा १० कि.मी. दूरी सम्मको मात्र जानकारी संलग्न गरेको छ। मेकोङ नदी आयोगको रणनीतिक वातावरणीय अध्ययन प्रतिवेदनले कम्वोडियामा आर्थिक सामाजिक प्रभावका साथै नदीको सीमाभन्दा बाहिरको पारिस्थिकीय प्रणालीमा समेत महत्वपूर्ण प्रभाव पार्ने कुरा औंल्याएको छ ।



त्यसका साथै सो बाँध परियोजनाको लागत र आम्दानीको वितरण अत्यन्तै असमानतामूलक हुने कुरा उठाइएको छ। लाओस र थाइल्यण्डले धेरै  फाइदा पाउनुका साथै तल्लो तटीय देशहरु खासगरी भियतनाम र कम्बोडियाले धेरै नोक्सान व्यहोनु पर्ने कुरा अगाडी सारिएको छ ।

**स्रोतः** STIMSON 2013, *NGO Forum's Campaign Against Xayabury*. Available from: <http://www.stimson.org/summaries/ngo-forums-campaign-against-xayaburi/>. [28 December 2013].

**न्यूमोन्टको यानाकोचा खानीः** स्थानीय जनतालाई संलग्न नगराई तथा उनीहरुको आवाज नसुनी परियोजना सञ्चालन गर्दा के हुन्छ भन्ने नमुना पेरुको क्वीलीस पहाडमा भएको न्यूमोन्ट द्वारा सञ्चालित यानाकोचा खानीमा देख्न सकिन्छ । समुदायले गरेका विरोधका कारण न्यूमोन्टद्वारा सञ्चालित उक्त खानी क्षेत्रबाट यूयस डलर २.२३ विलीयन बराबरको सुन कहिल्यै झिक्न नपाउने भयो जसले गर्दा कम्पनीलाई करीब १.६९ यूयस डलर खर्च बढ्यो । यो अनुभवले कम्पनीलाई नयाँ ढंगले सोच्न बाध्य बनायो । हाल सो कम्पनी घानाको एक्थम खानीमा बृहत सहभागितामूलक प्रक्रियामा संलग्न भएको छ ।

**स्रोतः** Anderson P 2011, *Free, Prior and Informed Consent: Principles and Approaches for Policy and Project Development,* RECOFTC – The Center for People and Forests, Bangkok. (original source: Lehr, A & G Smith 2010, Implementing a Corporate Free, Prior and Informed Consent Policy, Foley Hoag LLB, Boston and Washington DC. Available from: <www.foleyhoag.com>. [12 November 2013].

**एस्क्वेल सुन परियोजनाः** अर्जेन्टिनाको एस्क्वेल शहरको नजिकै खुल्ला खानीको रुपमा एस्क्वेल सुन परियोजना प्रस्ताव गरिएको थियो। सुरुदेखि नै कम्पनीले स्थानीय बासिन्दासँग कुरा गरेन। कम्पनीको परियोजनाले समुदायलाई स्थानीयस्तरमा पार्नसक्ने सकारात्मक र नकारात्मक प्रभाव तथा अवसर र चुनौतीका बारेमा पनि खासै केही भनेन। जब सन् २००३ को मार्चमा स्थानीयबासीले परियोजना लागू गर्ने कि नगर्ने भन्ने बिषयमा मतदान गर्ने अवसर पाए, उनीहरुले परियोजनालाई अस्वीकृत गरिदिए। त्यसकारण खानी कहिल्यै पनि सम्पन्न हुन पाएन र पहिल्यै गरेको सबै लगानी खेर गयो।

**स्रोतः** World Resource Institute 2007, *Development Without Conflict: The Business Case for Community Consent*.Availablefrom:<www.wri.org/publication/development-without-conflict>.[19October2013].

त्यसैले कुनै पनि परियोजना सम्बन्धी सबै सरोकारवालाहरुका लागी एफपीआइसी एउटा फाइदामूलक प्रक्रिया हो । खासगरी परियोजना सुरुकै चरणदेखि यो प्रक्रिया सुरुगरेमा यसबाट प्राप्त हुने फाइदा प्राप्त गर्न सकिन्छ (बाकस २ हेर्नुहोस्) ।

**बाकस २ : विकासे परियोजनाले स्थानीय जनतासँग सहमती लिंदाका फाइदाहरु**

फिलिपिन्सको पालवान टापूको प्राकृतिक ग्याँस उत्खनन परियोजनाले पर्याप्त मात्रामा स्थानीय समुदायसँग छलफल गरेकाले उनीहरुको सहमतीका साथै राम्रो सहयोग पाएको छ। विश्व स्रोत संस्थाका अनुसार परियोजना प्रस्तावकले निम्नानुसारका कार्यहरु सञ्चालन गरेका थिए।

क) निर्णयकर्ता र नेतृत्ववर्गसँग अन्तरवार्ता गर्नुका साथै आम समुदायसम्म पुग्ने ।

ख) जानकारी, शिक्षा तथा सञ्चारमूलक क्रियाकलाप सञ्चालन गर्ने ।

ग) सर्वेक्षण गरी जनताका धारणा बुझ्ने तथा सहभागीमूलक गोष्ठी सञ्चालन गरी परियोजनाको जानकारी दिनुका साथै सर्वेक्षणका परिणामलाई छलफल गरी बैधता दिलाउने ।

घ) वातावरणीय व्यवस्थापन योजना बनाउनका लागी स्थानीय समुदायको संलग्नता सुचिश्चित गर्ने ।

स्थानीय समूदायले दिएका सुझाव तथा पृष्ठपोषणका आधारमा परियोजनाका योजनालाई संसोधन तथा परिस्कृत गर्दै स्थानीय जनतासँग सम्बाद र सहकार्यलाई समेत निरन्तर ता दिएकाले परियोजनामा अपनत्व विकास हुनुका साथै सफलतापूर्वक लागू भएको छ ।

**स्रोत:** World Resources Institute 2007, *Development Without Conflict: The Business Case for Community Consent*. Available from: <www.wri.org/publication/development-without-conflict>. [19 October 2013].

वास्तवमा एकैपटकमा स्वीकृति दिने नभई एफपीआइसी विभिन्न तहमा अघिपछि गर्दै निरन्तर चलिरहने प्रक्रिया हो ।[6] यसको अर्थ यो हो कि परियोजना तहमा छलफल, संवाद, सहकार्य तथा सहमती गरिरहनु पर्दछ । परियोजना सुरु गर्नु अगावै स्थानीय समुदायको सहमती लिनु जरुरी हुन्छ र यसरी सहमती लिएर परियोजना सुरु गरे तापनि सञ्चालनका क्रममा आउने सवाल सम्बोधन गर्न बारम्बार थप छलफल र सहमती गर्नु जरुरी हुन्छ ।

---

6. Sosa, I 2011, *License to Operate: Indigenous relations and free, prior and informed consent in the mining industry*. Available from: <http://www.sustainalytics.com/sites/default/files/indigenouspeople_fpic_final.pdf>. [19 October 2013].


कार्बन उत्सर्जन तथा भण्डारणमा वनको भूमिका
Norad

# प्रश्न २

## एफपीआइसी प्रक्रियामा “स्वतन्त्र” भन्नाले के बुझिन्छ ?


एफपीआइसीमा स्वतन्त्र भन्ने शब्दले कुनै पनि पक्षद्वारा (जस्तै व्यक्ति, कम्पनी, संगठन तथा सरकार)[7] दवावरहित, त्रासविहीन र कुनै अनावश्यक परिमार्जनबिना भन्ने जनाउँदछ । स्वतन्त्र निर्णय जहिले पनि संलग्न भएका व्यक्ति तथा छलफलमा भएका सवाल/प्रश्नमा भर पर्दछ । उदाहरणका लागि स्वतन्त्रपूर्वक निर्णयमा पुग्नका लागि कम्तीमा पनि स्थानीय बैठकहरु समुदायका सबै सदस्यहरुको लागि उपयुक्त हुने स्थान, समय र परिस्थितिमा गरिनु पर्दछ ताकि महिला तथा सीमान्तकृत वर्गको पनि निर्णय प्रक्रियामा सशक्त र सक्रिय भूमिका रहोस् ।

निर्णयको प्रभावपर्ने सबै सरोकारवालाहरुलाई एफपीआइसी प्रक्रियामा सहभागी गराउन जरुरी हुन्छ (बाकस ३ हेर्नुहोस्) । जोखिममा रहेका वा परियोजनाका कारण जोखिममा पर्नसक्ने समुदायका प्रतिनिधिहरुलाई अन्य सरोकारवालाहरु जस्तैः स्थानीय सरकारसँगको छलफलमा समेत संलग्न गराउनु पर्दछ । छलफलमा स्थानीय युवक, बूढापाका, महिला, पुरुष, शिक्षक, राजनीतिक नेता, जमीनको स्वामित्वकर्ता, परम्परागत ज्ञान भएका आदिवासी समुदायका प्रतिनिधि, वनका उपभोक्ता आदि सबैलाई सहभागी गराउनु पर्दछ ।[8] यसो गरेमा मात्र विभिन्न सरोकारका विषयहरु छलफलमा प्रष्ट रुपमा आउँदछन्, तिनका विषयमा छलफल हुन्छ र सबैलाई स्वीकार्य सम्झौतामा पुग्न सजिलो हुन्छ । अनि मात्र साँचो अर्थमा सबै सरोकारवालाहरु सहमतिमा पुगेको महसुस हुन्छ ।

7. Edwards, K, Triraganon, R, Silori, C, & Stephenson, J 2012, *Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives: A Training Manual*, RECOFTC, IGES and Norad, Bangkok, Thailand.

8. Mahanty, S & McDermott, CL 2012, 'Free, Prior and Informed Consent in Mining and Forest Certification: Lessons for REDD+. Presented at "*Beyond Carbon", Justice and Equity in REDD+* workshop, University of Oxford. Available from: <www.eci.ox.ac.uk/redd/downloads/ppt/1-3-mcdermott.pdf >. [ 7 January 2014].

**बाकस ३ : एफपीआइसीमा संलग्न हुने सरोकारवालाहरु**




**स्रोत:** Source: Adapted from Hill, C, Lillywhite, S & Simon, M 2010, *Guide to Free, Prior and Informed Consent*, Oxfam Australia. Available from: <http://www.culturalsurvival.org/sites/default/files/guidetofreepriorinformedconsent_0.pdf>. [12 January 2014].

छलफलका लागि सबै सरोकारवालाहरुलाई एउटै ठाउँमा ल्याउनु महत्वपूर्ण हुन्छ। सरोकार वालाहरुका विचार तथा छलफललाई प्रभाव पार्न शक्तिसम्बन्ध र संरचानागत तहहरुलाई मिहिन किसिमले विश्लेषण गरी छलफलहरु प्रभावकारी ढंगले सञ्चालन गर्नुपर्दछ (बाकस ४ हेर्नुहोस्) । विभिन्न सरोकावालाहरु जस्तैः महिला, आदीवासी, सीमान्तिकृत तथा जोखिममा परेका समुदायहरुसँग पहिले नै छुट्टाछुटै छलफल गरी उनीहरुका आवाज तथा सवाललाई व्यवस्थित किसिमले सरोकारवालाहरुको छलफलमा ल्याएर अन्तिम निर्णयमा पुग्नु एक उपयुक्त तरिका हुनसक्दछ ।



## बाकस ४ : निर्णय प्रक्रियामा शक्ति सम्बन्ध र संरचनागत तहको प्रभावको उदाहरण

पौड्याल र साथीहरु (२०१३) ले तयार पारेको लेखमा नेपालको सामुदायिक वन उपभोक्ता समूहको सुशासन आंकलन गर्न ११ वटा तत्वहरु हेर्नुपर्ने कुरा औंल्याइएको छ। त्यसमध्ये एउटा बुँदा शक्तिसम्बन्ध, विवाद व्यवस्थापन र समानता सम्बन्धी छ जसले प्रत्यक्ष र परोक्ष रुपमा सामुदायिक वन व्यवस्थापनमा असर पारेको हुन्छ । समूहको शासन व्यवस्थालाई सुदृढ वा कमजोर बनाउने र शक्ति सम्बन्धलाई प्रभावपार्ने महत्वपूर्ण तत्वहरुमा जात, वर्ग, शिक्षा, लिङ्ग, राजनितिक विचार तथा सामाजिक नेतृत्व पहिचान गरिएका छन्। यिनै तत्वहरुले नै सामुदायिक वन सम्बन्धी स्थानीय स्तरका सरोकारवाला व्यक्तिको स्थान तथा क्षमता निर्धारण गरेका हुन्छन्। सामुदायिक वन समूहका क्रियाकलापहरु सञ्चालनमा कार्यकारिणि समिति तथा उपसमितिहरु सक्रिय हुन्छन् भने ति समितिहरु गठनका लागि स्थानीयस्तरका राजनीतिक पार्टीका नेताहरुको भूमिका प्रभावकारी हुन्छ । अध्ययनका क्रममा एउटा समूहमा वनको शासनपद्धतिका बारेमा केही विवाद नभएको पाइयो भने अर्को समूहमा समूहका हरेक क्रियाकलापहरु कार्यकारिणी समितिले नियन्त्रण गरेको पाइयो । त्यस्ता नियन्त्रणमुखी क्रियाकलापले गर्दा यदाकदा समूहमा विवाद सिर्जना गरेको पाइयो ।

**स्रोतः** Poudyal, BH, Paudel, G & Luintel, H 2013, 'Enhancing REDD+ outcomes through improved governance of community forest user groups', *Journal of Forest and Livelihoods*, vol. 11, no. 2.



परियोजना प्रस्तावकले तथा कार्यान्वयनकर्ताले समुदाय सँगको सहमति बिना परियोजनाका कुनै पनि क्रियाकलापहरु सञ्चालन गरिने छैन भन्ने कुरा लिखित रुपमै प्रतिवद्वता जनाउनु पर्दछ । तत्कालै सहमति प्राप्त गर्न नसकिने अवस्था भएमा फेरि छलफल गरी सहमतिमा पुग्ने बाटो खुल्ला राख्ने मात्र नभई त्यसको योजना समेत बनाउनु पर्दछ ।[9]

परियोजनाले प्रभावित पार्ने समुदायले आफ्ना हक र अधिकारका लागि आवश्यक परेमा वकिल, विवाद समाधानकर्ता, सल्लाकार तथा सोही अनुसारको अन्य परामर्शदाता राखी उनीहरु समेतलाई निर्णय प्रक्रियामा समावेश गराउन सक्दछन् । त्यस्ता विशेषज्ञहरुलाई नियुक्त गरेमा आवश्यक पर्ने खर्च परियोजना सञ्चालकले व्यहोर्नु पर्दछ । तटस्थ रुपले वा पक्षपात विनाको परीक्षण मुल्याङ्कनले नै सहमति खोज्ने प्रक्रिया कत्तिको स्वतन्त्र रह्यो भन्ने कुराको सन्देश दिन्छ ।

9. Anderson, P 2011, *Free, Prior and Informed Consent: Principles and Approaches for Policy and Project Development*. RECOFTC and GIZ, Bangkok, Thailand.

# प्रश्न ३

## एफपीआइसी प्रक्रियामा "अग्रिम" भन्नाले के बुझिन्छ ?

परियोजना सञ्चालनमा आर्थिक, मानवीय, प्राविधिक तथा अन्य स्रोतहरु खर्च गर्नु भन्दा पहिले नै समुदायको सहमति लिनुपर्दछ । सहमति लिन परियोजनाको आधिकारिकता प्राप्त नगर्दै नै समुदायलाई पर्याप्त समय लिएर छलफल गर्नुपर्दछ ।

अग्रिम भन्नाले हरेक विषयमा लिनुपर्ने सहमतिका लागि आवश्यक समय समुदायलाई उपलब्ध गराइएको हुनुपर्छ भन्ने हो । स्थानीय समुदायलाई परियोजना सम्बन्धी वा त्यसभित्रका विभिन्न सवालहरुमा छलफल गर्नका लागि धेरै नै समय लाग्न सक्दछ । निर्णयका लागि आवश्यक जानकारी सङ्कलन तथा विश्लेषण गर्न पनि समुदायलाई पर्याप्त समय दिनु पर्दछ ।[10] त्यसैले सहमतिमा पुग्न लाग्ने समयलाई मध्यनजर गर्दै त्यससम्बन्धी आवश्यक योजना बनाउनु पनि एफपीआइसीको प्रमुख पक्ष हुन आउँछ ।

परियोजनाको प्रकृति र आकार, त्यसले पार्न सक्ने सम्भावित असर, त्यसले निम्त्याउन सक्ने खतरा तथा समुदायले चयन गरेको निर्णय प्रक्रियाका आधारमा नै सहमतिमा पुग्न आवश्यक समयअवधिका बारेमा निर्णय गर्न सकिन्छ। त्यसैले एफपीआइसीको योजना बनाउँदा यी कुराहरुलाई महत्वका साथ विचार गरिनुपर्दछ ताकि समुदायलाई पर्याप्त समय दिन सकियोस् ।[11]

समुदायलाई छलफलका लागि पर्याप्त रुपमा अग्रिम जानकारी दिएमा मात्र उनीहरुका सवाल, आवाज तथा सुझावहरु प्रष्टरुपमा आउँदछन् र तिनलाई परियोजनाको योजनामा समावेश गर्न सकिन्छ । यसो गरेमा परियोजना सञ्चालनकर्ताका साथै स्थानीय समुदाय दुबै पक्षलाई फाइदा पुग्न सक्दछ । यो प्रक्रियाले गर्दा परियोजना प्रस्तावकले सजिलैसँग समुदायको सहमति लिन सक्दछ भने समुदायले पनि आफ्ना आवाजलाई परियोजनामा पार्नका लागि मौका पाउदँछन् । स्थानीय समुदायहरुले चाहेमा निश्चित् अवस्थामा मात्र परियोजना लागू गर्ने सहमति दिन पनि सक्दछन् ।

10. Edwards, K, Triraganon, R, Silori, C, & Stephenson, J 2012, *Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives: A Training Manual*, RECOFTC, IGES and Norad, Bangkok, Thailand.

11. Ibid

# प्रश्न ४

## एफपीआइसी प्रक्रियामा “सुसूचित” भन्नाले के बुझिन्छ ?

एफपीआइसीका सन्दर्भमा सुसूचित भन्नाले समुदायलाई सहमतिमा पुग्नका लागि आवश्यक पूर्ण, ठीक र प्रष्ट जानकारीहरु उनीहरुले बुझ्ने गरी दिनु हो भन्ने बुझिन्छ । आवश्यक जानकारीमा परियोजनाका उद्देश्य, क्षेत्र, अवधि, मानवीय तथा आर्थिक स्रोतको लगानी, प्रभावित क्षेत्र तथा एफपीआइसी गरिने प्रक्रिया र अवस्था आदि पर्दछन् ।

निर्णय प्रकियामा संलग्न भएका हरेक व्यक्तिले परियोजनाका विविध पक्षका बारेमा जानकारी पाएको हुनु पर्दछ। खासगरी परियोजनाले पार्ने आर्थिक, सामाजिक र वातावरणीय प्रभाव तथा विभिन्न समूह, उपसमूहरुले प्राप्त गर्ने फाइदा तथा उनीहरुलाई आइपर्ने चुनौतीहरुका बारेमा समुदायहरुलाई जानकारी हुनु अत्यन्तै जरुरी हुन्छ। जानकारीहरु आदानप्रदान गर्ने क्रममा खासगरी जमीनमाथिको स्वामित्व, प्राकृतिक स्रोत माथिको अधिकार र प्रयोग, जीविकोपार्जनमा पर्ने प्रभाव, सम्भावित बसाईंसराइ र क्षतिपूर्तीको व्यवस्था आदिका बारेमा प्रष्टरुपमा छलफल चलाउनु पर्दछ ।

यसैगरी स्थानीय समुदायलाई दिइने जानकारी पक्षरहित, तटस्थ, प्रष्ट र पूर्ण हुनुपर्दछ। त्यसका लागि तेस्रो पक्षद्वारा सहजीकरण गर्नु विश्वासनीय र प्रभावकारी हुन्छ (बाकस ५ हेर्नुहोस्) । परियोजना सञ्चालकले सुरुमै आफ्ना चाहना तथा उद्देश्यहरु समुदायलाई पारदर्शी रुपमा प्रष्ट पार्नुपर्दछ । समय बित्दै जाँदा विकास गरिएका वा प्राप्त भएका जानकारी पनि समुदायलाई समयमा जानकारी गराउनु आवश्यक हुन्छ। यसले परियोजना सञ्चालक र समुदायबीचमा जानकारी आदानप्रदान गर्ने प्रक्रिया निरन्तर चलिरहने प्रक्रिया हो भन्ने जनाउँदछ र उनीहरुलाई सहमतिमा पुग्न मद्धत गर्दछ ।

समुदायलाई परियोजना सम्बन्धी जानकारी राम्ररी बुझाउन र उनीहरुले उठाएका प्रश्नहरुको बुझिने गरी तुरुन्तै जवाफ दिनका लागि स्थानीय भाषामा बैठक सञ्चालन गर्नुपर्दछ ।[12] भूमिका अभिनय तथा अन्य अन्तरक्रियात्मक विधिजस्ता साँस्कृतिक दृष्टिले उपयुक्त तरिका र सहभागितामूलक विधि मार्फत् जानकारी प्रवाह गरेमा समुदायमा प्रभावकारी रुपमा सो जानकारी जान्छ । समुदाय र परियोजना सञ्चालकबीच हुने छलफलका लागि पर्याप्त समय दिएर विभिन्न प्रश्न तथा सवालहरुका बारेमा दुबै पक्षलाई एकआपसमा प्रष्टाप्रष्टी हुने अवसर दिनुपर्दछ (बाकस ६ हेर्नुहोस्) ।

---

12. Hill, C, Lillywhite, S & Simon, M 2010, *Guide to Free, Prior and Informed Consent*, Oxfam Australia. Available from: <http://www.culturalsurvival.org/sites/default/files/guidetofreepriorinformedconsent_0.pdf>. [19 October 2013].



## बाकस ५ः स्थानीय सहजकर्ताको भूमिका – यूएन रेडको अनुभव

रेडप्लसका लागि तयारी सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने क्रममा यूयन रेडले इन्डोनेशिया र भियतनाममा गत केही बर्षदेखि एफपीआइसी प्रक्रिया लागू गरेको छ । सो क्रममा यूयन् रेडले एफपीआइसी प्रक्रियामा स्थानीय सहजकर्ताको छनौट, उनीहरुको क्षमता अभिवृद्धि तथा उनीहरुको परिचालन महत्वपूर्ण हुन्छ भन्ने कुरा औंल्याएको छ ।

स्थानीय सहजकर्ताहरु अन्य स्थानीय सरोकारवालाहरुका साथै सरकारी निकाय र परियोजना सञ्चालकका बीचमा समन्वयात्मक भूमिका राम्ररी निर्वाह गर्न सक्दछन् । एफपीआइसीको सफलताका लागि उनीहरुको स्थानीय र राष्ट्रिय दृष्टिकोण, प्राविधिक ज्ञान र सांस्कृतिक बुझाई अत्यन्तै महत्वपूर्ण हुन्छ ।

स्थानीय समुदाय र अन्य सरोकारवालाहरुबीच विश्वासको वातावरण बनाउन महत्वपूर्ण भूमिका खेल्ने र स्थानीय समुदायमा प्रभावकारी रुपमा जनचेतना फैलाउन सक्ने हुनाले स्थानीय सहजकर्ताहरु रेड तथा एफपीआइसी प्रक्रियामा महत्वपूर्ण हुन्छन् । यो अनुभव रिकफ्ट मार्फत् इन्डोनेशिया, लाओस, भियतनाम, बर्मा (म्यानमार) र नेपालमा सञ्चालित रेडप्लसका लागि स्थानीय क्षमता अभिबृद्धि परियोजनाको अनुभवसँग मेल खान्छ । रिकफ्टद्वारा सञ्चालित परियोजनाले स्थानीयस्तरमा छनौट गरी क्षमता अभिबृद्धी गरेका सहजकर्ताहरुले ती देशमा स्थानीयस्तरमा रेडप्लस र जलवायु परिवर्तनसम्बन्धी जनचेतना फैलाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**स्रोतः** 1) UN-REDD Programme 2013, *Guidelines on Free, Prior and Informed Consent*. Available from: <www.un-redd.org/Launch_of_FPIC_Guidlines/tabid/105976/Default.aspx>. [12 November 2013]; 2) RECOFTC 2012, *Grassroots capacity building for REDD+ in Asia Pacific 2013: Annual Progress Report*, RECOFTC – The Center for People and Forests, Bangkok, Thailand.



**बाकस ६ः एसिया प्रशान्त क्षेत्रमा रेडप्लसका लागि क्षमता अभिवृद्धी कार्यक्रमको अनुभव**

इन्डोनेशिया, लाओस, भियतनाम, बर्मा (म्यानमार) र नेपालमा रिकफ्टद्वारा सञ्चालित रेडप्लसमा स्थानीय क्षमता अभिबृद्धी कार्यक्रमले परियोजनासम्बन्धी जानकारी प्रवाह गर्नकालागी सामाजिक तथा साँस्कृतीक रुपले उपयुक्त विधि आवश्यक पर्ने कुरा प्रमाणीत गरेको छ । यस्ता विधिहरु परियोजनाका अवधारणा, उद्देश्य, क्षेत्र, सरोकारवाला तथा त्यसले पार्ने सम्भावित असरहरुकाबारेमा छलफल गर्न उपयुक्त हुन्छन् । खासगरी सरोकारवालाको शैक्षिक, जातिय, भौगोलीक, लिङ्गिय तथा भाषिक विविधताका सन्दर्भमा स्थानीय रुपमा उपयुक्त विधिको छनौट गर्न महत्वपूर्ण हुन्छ । यो परियोजनाले पोस्टर, जानकारी पत्र जस्ता विभिन्न विधि र प्रचारसामाग्री प्रयोग गरी अन्तरकियात्मक किसिमले रेडप्लस र जलवायु परिवर्तनसम्बन्धी जनचेतना जगाउने काम गऱ्यो । सन् २००९ देखि २०१३ सम्म परियोजनाले करीब ३५,००० स्थानीय सरोकारवालाहरुलाई रेडप्लस र जलवायु परिवर्तनको सूचना प्रवाह गऱ्यो ।


**स्रोतः** RECOFTC 2012, *Grassroots capacity building for REDD+ in Asia Pacific 2013: Annual Progress Report*, RECOFTC – The Center for People and Forests, Bangkok, Thailand.

एफपीआइसी गर्दा प्रस्तावित परियोजनाबारेको सम्पूर्ण जानकारीको अलावा परियोजना प्रस्तावक र सहजकर्ताले तल उल्लेख गरिएका एफपीआइसीका आधारभूत र महत्वपूर्ण तत्वका बारेमा स्थानीय समुदायलाई जानकारी गराउनुपर्दछ ।

- एफपीआइसी प्रक्रिया स्थानीय समुदायको अधिकार हो ।
- परियोजनाको लागि सहमति खोज्ने प्रक्रिया अघिपछि गर्दै निरन्तर चलिरहने प्रक्रिया हो ।
- एफपीआइसीले सम्बोधन गर्नुपर्ने सवाल पहिचान गर्ने अधिकार स्थानीय समुदायको हो ।
- एफपीआइसीका लागि प्रक्रिया, समय र स्थानको छनौट गर्ने कार्य स्थानीय समुदाय र परियोजना प्रस्तावकको सहकार्यबाट गर्नुपर्छ ।
- एफपीआइसी प्रक्रिया र सहमति लिने कार्य तथा संयन्त्र पारदर्शी हुनुपर्छ ।
- गुनासो सुन्ने र विवाद समाधान गर्ने संयन्त्र एफपीआइसीको एउटा महत्वपूर्ण अंग हो र यो एफपीआइसी गर्नु अघि नै सहमतिमा तयार पार्नुपर्दछ ।
- समुदायलाई तटस्थ वकिल, प्राविधिक, सल्लाहाकार तथा परामर्शदाताबाट आवश्यक सहयोग लिन पाउने अधिकार हुन्छ ।
- प्रस्तावित परियोजनाको विकल्पका बारेमा पनि छलफल गर्नुपर्दछ । त्यस्तो छलफलमा सम्भावित प्रभाव, क्षतिपूर्ती, जोखिम, आदीका बारेमा छलफल गर्नुपर्दछ । परियोजनाको कार्य योजनामा अनुगमन एउटा प्रमुख कार्यको रुपमा व्यवस्थित गर्नुपर्दछ ।

# प्रश्न ५

## एफपीआइसी प्रक्रियामा “सहमति“ भन्नाले के बुझिन्छ ?



प्रस्तावित परियोजना स्वीकार गर्ने कि नगर्ने भन्ने अधिकार स्थानीय समुदायमा निहीत हुन्छ । उनीहरु आफैले छानेको निर्णय प्रक्रिया अवलम्वन गरेर परियोजना सञ्चालनमा सहमति जनाउन अथवा कुनै पनि बेलामा सहमति फिर्ता लिन सक्दछन् ।

प्रथमतः कसरी र कुन रुपमा सहमति दिन वा नदिन सकिन्छ भन्ने कुरा राम्ररी बुझ्नु जरुरी हुन्छ । स्थानीय समुदायले चाहेमा निर्णय प्रक्रियालाई केही समय पछि सार्न पनि सक्दछन् । त्यसो नगरेर उनीहरुले निर्णयका प्रक्रियालाई एउटा कार्यविधिको रुपमा विकास गर्न पनि सक्दछन् । जे गरे तापनि समुदायले चाहेको निर्णय प्रक्रिया पहिचान गरेर यसलाई संस्थागत गर्नुपर्दछ ।

सहमति प्रक्रिया तथा सहयोग प्राप्त गर्ने कुरामा परियोजनाले गर्दा प्रभाव पर्ने समुदायहरुको पूर्ण सहभागिता हुनु जरुरी हुन्छ । यसले परियोजनाको निस्चित् क्रियाकलापले कुन समुदाय वा समूहलाई प्रभाव पार्दछ र सो सम्बन्धी सहमति कस्तो हुने र सहमति प्रक्रियामा के कस्तो प्रतिनिधित्व हुने भन्ने कुरामा प्रभाव पार्दछ ।[13] पछिसम्म रेकर्ड राख्नका लागि लिखित सहमति उपयुक्त हुन्छ भने अशिक्षित ग्रामीण समुदाय भएको ठाउँमा वा लिखित सहमति गर्न सामाजिक वा साँस्कृतिक रुपले अप्ठेरो पर्ने अवस्था भएमा मौखिक वा अन्य कुनै रुपमा पनि सहमति गर्न सकिन्छ । त्यस्तो अवस्था भएमा परियोजना सञ्चालकले समुदायले चाहेको सहमतिको विधि र रुप पहिचान गरी सोही अनुसार गर्नुपर्दछ । बेलाबेलामा सहमतिको पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन समेत गर्नुपर्ने हुन्छ । यसो गर्दा स्थानीय समुदायले छानेको निर्णय प्रक्रियामा प्रभावकारीरुपले समुदायको सहभागिता हुन्छ ।

सहमति भयो वा भएन भन्नेकुराको आधिकारिक प्रमाणकालागी कुनै प्रकारको दस्तावेजीकरण गर्नु उपयुक्त हुन्छ । उदाहरणका लागि, यदि लिखित दस्तावेजीकरण समुदायलाई स्वीकार योग्य हुँदैन भने फोटो तथा भिडियो खिच्ने जस्ता कार्यसमेत गर्न सकिन्छ ।

---

13. Anderson, P 2011, *Free, Prior and Informed Consent: Principles and Approaches for Policy and Project Development*, RECOFTC & GIZ, Bangkok, Thailand.



सहमतिका लागि छलफलमा सहभागी सबैपक्षले प्रक्रियाका बारेमा सहमति दिनु वा सहमतिका लागि के कसरी छलफल अगाडि बढाउनुपर्ने भन्ने बिषयमा राय दिनुपर्दछ। समय तथा स्रोतसाधन सीमित मात्रामा छ र सहमतिमा पुग्न सकिएन भने परियोजना बन्द गर्नुपर्दछ वा एफपीआइसीलाई निश्चित् समयावधिमा सकिने गरी पुनःसुरु गर्नुपर्छ ।[14]

14. Anderson, P 2011, *Free, Prior and Informed Consent: Principles and Approaches for Policy and Project Development*, RECOFTC & GIZ, Bangkok, Thailand.


góc xây dựng

## प्रश्न ६

### प्राकृतिक स्रोत व्यवस्थापनका कुनकुन क्षेत्रहरुमा एफपीआइसीको अवधारणा लागू गर्न सकिन्छ ?

प्रश्न १ को उत्तरमा छलफल गरेजस्तै एफपीआइसीको अवधारणा खानी, पेट्रोलियम तथा ग्याँस जस्ता खनिजपदार्थ उत्खनन् गर्ने उद्योगसँग सम्बन्धित भएर उत्पत्ति भएको छ । यी मध्ये केही उद्योगले एफपीआइसी वा यसका केही पक्षलाई महत्वपूर्ण ठानी आफ्ना परियोजनामा संलग्न भएका छन् ।[15] सैद्धान्तिक रुपमा स्थानीय जनताको जीविकोपार्जन, जमीन र प्राकृतिक स्रोत माथिको अधिकार तथा प्रयोग र समग्र वातावरणमा उल्लेखनीय प्रभाव पार्ने कुनै पनि परियोजना सञ्चालनका लागि एफपीआइसी गर्नु आवश्यक हुन्छ । त्यसैले बाहृय सरोकारवालाहरुद्वारा सञ्चालन गरिने प्राकृतिक स्रोतसँग सम्बन्धित कुनै पनि परियोजनामा एफपीआइसी गर्नु जरुरी हुन्छ। वनक्षेत्रका हरेक परियोजना त्यसै वर्गमा पर्दछन् भने जलविद्युत् आयोजना तथा अन्य पानी सम्बन्धी परियोजना, सडक र रेलमार्ग निर्माण, औद्योगिक प्रयोजनकालागि गरिने वृक्षरोपण, पानीमा हुने जीवजन्तुको खेती तथा कृषि, वागवानी र वनजस्ता उपयोग भइरहेको जमीनको प्रयोग गर्नुपर्ने परियोजनाहरु पनि यसै वर्गमा पर्दछन् ।

परियोजनाका प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष हुन सक्दछन्। उदाहरणका लागि यदि बाँध परियोजनाले गर्दा वरिपरिका घर बगाउने वा डुबाउने भएमा त्यसलाई प्रत्यक्ष प्रभावको रुपमा लिइन्छ । त्यस्तै यदि पहाडमा वन मासेर सडक बनाइयो र सो क्षेत्रमा पहिरो गई वरिपरिको बस्ती तथा खेतीपातीलाई असर पाऱ्यो भने त्यस्तो अवस्थालाई अप्रत्यक्ष असर परेको भनिन्छ ।

15. Voss, M, & Greenspan, E 2012, *Community Consent Index: Oil, Gas and Mining Company Public Positions on Free, Prior, and Informed Consent*, Oxfam America Research Backgrounder series, Available from: <www.oxfamamerica.org/files/community-consent-index.pdf>. [7 January 2014].

## प्रश्न ७

### वन व्यवस्थापनको क्षेत्रमा  एफपीआइसी किन आवश्यक छ र हाल यसको अवस्था कस्तो छ ?

स्थानीय समुदायलाई कुनै किसिमको नकरात्मक असर नपर्ने गरी परियोजना लागू गर्नका लागि एफपीआइसी गर्नुपर्दछ । भौतिक संरचना विकास निर्माणको अलावा नयाँ वृक्षरोपण, काठका लागि कटान तथा लामो समयसम्म उच्च गुणस्तरको संरक्षण गर्नका लागि पनि हाल वनक्षेत्रमा चाप पर्न थालेको छ । त्यस्तै वन क्षेत्रबाट हुने कार्बन उत्सर्जन कटौती गर्नका लागि वन बिनास रोक्नुका साथै दिगो वन व्यवस्थापन गर्ने रेड परियोजना[16] पनि यसै वर्गमा पर्ने भएकोले एफपीआइसी गर्नुपर्दछ ।

दाउरा, काठ, घाँस, पातपतिङ्गर, फलफूल, कन्दमूल, औषधीमूलो, चरिचरण तथा धार्मिक प्रयोजनका  लागि धेरै स्थानीय समुदाय र आदिवासीहरु वनस्रोतमा आस्रित हुन्छन् । त्यसैले यी वस्तु तथा सेवाको उपलब्धतामा प्रभाव पार्ने कुनै पनि परियोजनाहरु लागू गर्नका लागि स्थानीय समुदाय र आदिवासीहरुको सहमति लिनु जरुरी हुन्छ । यी सबै वस्तु तथा सेवाको उपयोग अनौपचारिक रुपमा हुनेगर्छ ।[17] जब वन क्षेत्रमा औपचारिक ऐन नियम[18] कमजोर हुन्छ तब एफपीआइसीको अधिकार अत्यन्तै महत्वपूर्ण हुन्छ ।[19] त्यसैले पनि सबै सरोकार वालाको लागि हुनेगरी समतामूलक विकास गर्न एफपीआइसी गर्नुपर्दछ ।

हाल केही बर्षदेखि स्थानीय समुदाय र आदिबासीको आत्मनिर्णयको अधिकारको पहिचान राम्रो हुनथालेको छ ।[20] यूएन रेड कार्यक्रमले एफपीआइसीका लागि तयारपारेको मार्गदर्शनले पनि स्थानीय समुदाय र आदिवासीको आत्मनिर्णयको अधिकारको सम्मान गर्दै उनीहरुको पैतृक तथा परम्परागत जग्गाजमीन माथिको अधिकार अझै सुरक्षित वा मजबूत पार्ने प्रयास गरेको छ । हाल रेडप्लस, वृक्षरोपण तथा अन्य वनक्षेत्रका परियोजनाका सन्दर्भमा एफपीआइसी लागू गरिएको छ ।[21]

16. For more information, see leaflet called *Climate Change, Forests and You for explanations about REDD+*, published by RECOFTC. Available from: <http://www.recoftc.org/site/uploads/content/pdf/REDDGrassroots-Q&A_eng_FINAL_226.pdf>. [18 December 2013].
17. A customary law is a traditional common rule or practice that has become an integral part of the accepted and expected conduct in a community, profession, or trade.
18. Colchester, M 2010, *Free, Prior and Informed Consent - Making FPIC work for forests and peoples*, The Forest Dialogue. Available from: <http://tfd.yale.edu/sites/default/files/tfd_fpic_researchpaper_colchester_lo-res.pdf>. [19 December 2013].
19. A law or group of laws passed by a legislature or other official governing bodies.
20. Anderson, P 2011, *Free, Prior and Informed Consent: Principles and Approaches for Policy and Project Development*, RECOFTC & GIZ, Bangkok, Thailand.
21. Colchester, M & Ferrari, MF 2007, *Making FPIC - Free, Prior and Informed Consent - Work: Challenges and Prospects for Indigenous People,* FPIC Working Paper, Forest Peoples Programme. Available from: <http://www.forestpeoples.org/sites/fpp/files/publication/2010/08/fpicsynthesisjun07eng.pdf>. [19 December 2013].



# प्रश्न ८

## एफपीआइसीका लागि केकस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून तथा कानुनी संरचनाहरु आवश्यक पर्दछन् र रेडप्लसमा एफपीआइसीको हालको अवस्था केकस्तो छ ?

एफपीआइसीको पूर्ण विवरण आदिवासी तथा जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रिप) बाट लिइएको हो (बाकस ७ हेर्नुहोस्) ।[22] रेडप्लसका लागि स्थानीय क्षमता अभिवृद्धि कार्यक्रम[23] सञ्चालन भएका इन्डोनेसिया, लाओस, भियतनाम, बर्मा र नेपालमध्ये लाओस बाहेक अरु सबै यूएनड्रिपका पक्षराष्ट्रहरु हुन् । सन् २००७ सालसम्म विश्वभरका १४७ देश यसका पक्षराष्ट्र भएता पनि यो कानुनी दृष्टिले बाध्यकारी व्यवस्था होइन । यूएनड्रिपले गरेको व्यवस्था आदिवासी तथा जनजातीको एफपीआइसीको अधिकारसम्बन्धी भएतापनि हाल एफपीआइसीले स्थानीय समुदायलाई पनि आफ्ना परम्परागत मूल्य मान्यता र व्यवहारका साथै प्राकृतिक स्रोत, जीविकोपार्जन र संस्कृति माथिको अधिकारका लागि मार्गदर्शन गर्दछ ।[24]

संयुक्त राष्ट्रसंघ (यूएन) को अर्को घोषणा-विकासको अधिकारले पनि हरेक व्यक्तिसँग विकास गर्न पाउने अधिकार रहेको कुरा प्रष्ट्याएको छ ।[25] यो घोषणा सन् १९८६ को डिसेम्बर ४ मा यूएनको ९७ औं सभा मार्फत् गरिएको हो । यो घोषणाले पनि एफपीआइसीको आधारभूत मान्यतालाई पक्षपोषण गरेको छ । यस अनुसार विकास दिगो र फाइदाजनक हुनका लागि स्थानीय समुदाय नै त्यससम्बन्धी सम्पूर्ण निर्णय र नियन्त्रण गर्न सक्षम हुनुपर्दछ । समुदायलाई प्रभाव पार्ने परियोजनामा समुदायको सहभागिता हुनुपर्ने कुरा एफपीआइसीकै अवधारणासँग मिल्ने हुन्छ ।[26]

विभिन्न देशले अंगिकार गरेका अन्तर्राष्ट्रिय सन्धीसम्झौता तथा मापदण्डहरुमा पनि एफपीआइसीका अवधारणा तथा तत्वहरु समावेश गरिएका छन् । उदाहरणका लागि

---

22. Edwards, K, Triraganon, R, Silori, C, & Stephenson, J 2012, *Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives: A Training Manual*, RECOFTC, IGES and Norad, Bangkok, Thailand.
23. Grassroots Capacity Building for for REDD+ in Asia project is being implemented by RECOFTC with support from Norwegian Agency for Development Cooperation (NORAD) since 2009. The key focus of the project is to build the capacity of grassroots stakeholders for REDD+, including local communities dependent on forest lands for their livelihoods, local government officials, non-government organizations, civil society organizations, local journalists, youths, and community based organizations, so that they are in a position to actively contribute to future REDD+ program and potentially benefit from it.
24. Conservation International 2013, *Free, Prior, Informed Consent in Context*. Available from: <www.conservation.org/about/centers_Programmes/itpp/pages/free-prior-informed-consent-case-studies.aspx>. [12 December 2013].
25. United Nations 1986, *Declaration on Right to Development*. Available from: <http://www.un.org/documents/ga/res/41/a41r128.htm>. [12 November 2013].
26. Edwards, K, Triraganon, R, Silori, C, & Stephenson, J 2012, *Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives: A Training Manual*, RECOFTC, IGES and Norad, Bangkok, Thailand.

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) १६९ (१९८९) को दफा ६ अनुसार आदिवासी जनजातिलाई प्रत्यक्ष प्रभाव पार्नसक्ने कानुनी तथा प्रशासनिक कार्य गर्दा उनीहरुको सहमति प्राप्त गर्न सकियोस् भनी असल नियत तथा परिस्थिति सुहाउँदो किसिमले उनीहरुसँग परामर्श लिनुपर्नेछ ।[27]

सन् १९९२ मा गरिएको जैविक विविधता महासन्धीले पनि एफपीआइसीका सिद्धान्तलाई आत्मसात् गरेको छ । महासन्धीको दफा ८ (ञ) ले परम्परागत ज्ञान, नयाँ सिर्जना तथा आदिवासी र स्थानीय जनताका अभ्यासहरु प्रयोग गर्नका लागि उनीहरुको पूर्व सुसूचित सहमति चाहिन्छ भन्ने कुराको व्यवस्था गरेको छ ।

रेडप्लसको सन्दर्भमा पनि संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन संरचना महासन्धीका पक्षराष्ट्रका हालसालका केही बैठकहरुले एफपीआइसीलाई महत्वका साथ छलफल गरेका छन् । सन् २०१० को पक्षराष्ट्रको बैठकले यूएनड्रिपलाई आधार मान्दै रेडप्लसका लागि थप सामाजिक तथा वातावरणीय मापदण्डलाई विशेष जोड दिएको छ । प्रभावकारी रुपमा सराकारवालाहरुसँग परामर्श गर्न र अन्तर्राष्ट्रिय कानुन र मापदण्डअनुसार उनीहरुको दायित्व र अधिकारमा सामञ्जस्यता ल्याउनका लागि आवश्यक सहमति गर्न यूएन रेडप्लस कार्यक्रमले आफ्ना साझेदार देशसँग सहकार्य गर्दै एफपीआइसीका लागि मार्गदर्शन[28] विकास गरेको छ ।

तैपनि रेडप्लसका सन्दर्भमा एफपीआइसीको विकास सुरुवातको अवस्थामा छ । भर्खरै मात्र एफपीआइसीको छलफल विभिन्न रेड परियोजना क्षेत्रमा चल्दैछ । रेडप्लसले स्थानीय समुदायलाई केही हानी पुऱ्याउनु हुँदैन भन्ने मुख्य मान्यताका आधारमा हाल एफपीआइसीको छलफल र विकास हुँदैछ ।

---

27. International Labour Organization 1989, *Indigenous and Tribal Peoples Convention - C169*, (No. 169). Available from: <http://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:12100:0::NO::P12100_ILO_CODE:C169#A6>. [7 January 2014].
28. UN-REDD Programme 2013, *Guidelines on Free, Prior and Informed Consent*. Available from: <www.un-redd.org/Launch_of_FPIC_Guidlines/tabid/105976/Default.aspx>. [12 November 2013].



## बाकस ७ः एफपीआइसीको अधिकार

यूएनड्रिपको दफा ३२ (२) का अनुसार कुनै पनि राष्ट्रले आदिवासीसँग परियोजनाका लागि स्वतन्त्र, अग्रिम सुसूचित सहमति लिनका लागि उनीहरुका प्रतिनिधिमूलक संस्था मार्फत सहयोगी भावनाले आवश्यक परामर्श तथा सहकार्य गर्नुपर्दछ।

**स्रोतः** United Nations 2008, *United Nations Declaration on the Rights of Indigenous Peoples*. Available from: <http://www.un.org/esa/socdev/unpfii/documents/DRIPS_en.pdf.]. [7 January 2014].

आइएलओ १६९ को दफा ७.१ का अनुसार आदिवासी समुदायको जीवनपद्धति, विश्वास, मूल्यमान्यता, संस्था तथा धार्मिक परम्परा तथा सँस्कृतिलाई विकासले असर पार्ने भएकाले विकाससम्बन्धी आफ्नै प्राथमिकता निर्धारण गर्ने अधिकार उनीहरुलाई नै हुन्छ। तसर्थ उनीहरु आफ्ना आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि सम्भव भएसम्म आफैले आवश्यक कार्य तथा त्यसको नियन्त्रण गर्न सक्दछन्। त्यसैगरी दफा १६ का अनुसार विस्थापन गर्नुपर्ने भएमा उनीहरुको स्वतन्त्र र सुसूचित सहमति लिएर मात्र गर्नुपर्दछ।

**स्रोतः** International Labour Organization 1989, *Indigenous and Tribal Peoples Convention - C169, (No. 169)*. Available from: <http://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:12100:0::NO::P12100_ILO_CODE:C169#A6>. [7 January 2014].




फिलिपिन्स र पेरुजस्ता केही देशहरुले एफपीआइसी सम्बन्धी कानुन बनाएका छन् । फिलिपिन्सले सन् १९९६ र पेरुले सन् २०१० मा त्यस्तो कानुन बनाएका हुन् । एसिया-प्रशान्त क्षेत्रका लागि फिलिपिन्सको उदाहरण महत्वपूर्ण हुनसक्दछ। फिलिपिन्सले आदिवासी जनजाति अधिकार ऐन १९९६[29] लागू गरेको छ । यो ऐनले आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारको सम्मान गर्नुका साथै उनीहरुको पुर्ख्यौली सम्पत्ति र सो मा भएका सबै किसिमका स्रोतहरुमा उनीहरुको अधिकारको प्रत्याभूति गरेको छ । सो ऐनले एफपीआइसी अवधारणालाई आदिवासीका आफ्ना हकअधिकार सुरक्षित गर्नका लागि एउटा महत्वपूर्ण माध्यमको रुपमा लिएको छ । ऐनकाअनुसार स्थानीय जनता वा उनीहरुको सम्पत्तिमा असरपर्ने कुनै पनि परियोजना लागू गर्नुपूर्व एफपीआइसी गर्नुपर्ने हुन्छ ।

एसिया क्षेत्रका विभिन्न देशहरुमा भएका विभिन्न कानुनी तथा प्रशासनिक प्रावधानहरुमा पनि एफपीआइसीका मर्म तथा तत्वहरु रहेको प्रष्ट देख्न सकिन्छ । जस्तै थाइल्याण्डको जग्गा सुधार कार्यक्रम, कम्बोडियाको संरक्षित क्षेत्रसम्बन्धी कानून,[30] नेपालको स्वायत्त शासन ऐन[31] र वातावरणीय प्रभाव अध्ययन[32] (थाइल्याण्डमा पनि) यसका केही उदाहरणहरु हुन् । हालसालै इन्डोनेशियाको संवैधानिक अदालतको आदेशअनुसार आदिवासी जनजातिको वनमाथिको परम्परागत अधिकार पुनर्वहाली भएको छ। अदालतको निर्णयअनुसार आदिवासी जनजातिको आत्मनिर्णयको अधिकार पनि सम्मान भएको छ (बाकस ८ हेर्नुहोस्) ।

---

29. Republic of the Philippines 1997, *The Indigenous Peoples' Rights Act of 1997, Republic Act (No. 8371)*. Available from: <http://www.gov.ph/1997/10/29/republic-act-no-8371/>. [7 January 2014].

30. Council for Development of Cambodia n.d., *Law on Nature Protection Areas (Protected Area Law, No. 080104)*. Available from: <http://www.cambodiainvestment.gov.kh/law-on-nature-protection-area-protected-areas-law_080104_080104.html>. [7 January 2014].

31. Nepal Law Commission 1999, *Local Self Governance Law 2055*. Available from: <http://www.lawcommission.gov.np/en/prevailing-laws/Prevailing-Laws/Statutes---Acts/English/Local-Self-governance-Act-2055-(1999)/>. [7 January 2014].

32. Edwards, K, Triraganon, R, Silori, C, & Stephenson, J 2012, *Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives: A Training Manual*, RECOFTC, IGES and Norad, Bangkok, Thailand.



## बाकस ८ः इन्डोनेशियाका आदिवासीको परम्परागत वनक्षेत्र सम्बन्धी संवैधानिक अदालतले दिएको आदेश

इन्डोनेशियाका आदिवासीको परम्परागत वनक्षेत्र राज्यको वनक्षेत्रभित्र पार्नुहुँदैन भनी सन् २०१३ को मे महिनामा त्यहाँको संवैधानिक अदालतले ऐतिहासिक आदेश दिएको छ। त्यसले गर्दा त्यहाँ आदिवासीको हकअधिकार सुनिश्चित गर्नका लागि बाटो खुलेको छ।

यूएनड्रिपको दफा २५ लाई उदृत गर्दै जमीनमाथिको अधिकार सम्बन्धमा अदालतले निम्नानुसारका अधिकारको समेत सम्मान गरेको छ। जस्तैः आत्मनिर्णयको अधिकार, जमीन, क्षेत्र तथा प्राकृतिक स्रोतमाथिको अधिकार, साँस्कृतिक पहिचान र बौद्धिक सम्पत्तिमाथिको अधिकार, एफपीआइसीको अधिकार तथा आफ्नो आवश्यकता र इच्छा अनुसारको नमूना तथा निर्माण सम्बन्धी अधिकार आदि।

सन् १९९९ को वन ऐनले आदिवासी जनजातिलाई राज्यका वनमा निकै कममात्र स्थान तथा अधिकार दिएको भनी अदालतमा परेको रिट निवेदनका आधारमा अदालतले उक्त आदेश दिएको हो। उक्त आदेशले लामो समयदेखि आदिवासी जनजातिले उपभोग र रेखदेख गर्दै आएको वनक्षेत्र उनीहरुलाई नै फिर्ता दिनका लागि बाटो खोलेको छ। गत बर्षको सरकारी तथ्याङ्कका अनुसार करिब ३२,००० गाउँहरुको जग्गाजमीन सरकारी वनसँग मिसिएको देखिएको छ।

स्रोतः Decision Number 35/PUU-X/2012 for the sake of justice under the one almighty God 2013. The Constitutional Court of the Republic of Indonesia. Available from: <http://www.aman.or.id/wp-content/plugins/downloads-manager/upload/Constitutional_Court_Ruling_16_May_2013.pdf>. [January 12, 2014].



# प्रश्न ९

## एफपीआइसीलाई व्यवहारमा लागू गर्दा आइपर्ने चुनौतीहरु केकस्ता छन् वा हुन सक्दछन् र राष्ट्रिय स्तरमा रेडप्लसमा एफपीआइसी लागू गर्न कुन संस्था आवश्यक पर्दछ ?

एफपीआइसी परियोजना विकासकर्ताले सुरु गर्नुपर्दछ भने स्वतन्त्र र तटस्थ तेस्रो पक्षद्वारा त्यसको अनुगमन तथा मुल्याङ्कन गर्नुपर्दछ। तैपनि एफपीआइसी खास यस्तो किसिमबाटै हुनुपर्छ भन्ने कुनै उदाहरणीय तरिका भने छैन। उदाहरणका लागि इन्डोनेसियामा स्वतन्त्र रुपले गरिएको मुल्याङ्कनका अनुसार त्यहाँ गरिएको एफपीआइसी प्रक्रियामा गरिनुपर्ने प्रक्रियाहरु ठीकै मात्रामा उद्देश्य अनुरुप गरिएको थियो।[33] त्यसैगरी फिलिपिन्समा गरिएको अध्ययनले एफपीआइसी प्रक्रियालाई अपव्याख्या तथा तोडमोड गरी लागू गरिएको थियो भन्ने कुरा औंल्याएको छ (बाकस ९ हेर्नुहोस्)।

एफपीआइसीका सिकाइलाई परिष्कृत गर्न तथा प्रक्रियालाई सुधार गर्नका लागि अझै पनि अनुभवहरुलाई सङ्कलन तथा विश्लेषण गर्नेकार्य जारी छ। तैपनि यूएनरेड कार्यक्रमले भियतनाममा अनुभव गरे जस्तै ठाँउ, परिस्थिति र अवस्था अनुसार एफपीआइसी प्रक्रियालाई परिमार्जन गर्दै अवलम्बन गर्नुपर्ने हुन्छ (बाकस १० हेर्नुहोस्)। त्यसैले एफपीआइसीको योजनामा कसरी, कहाँ, कहिले र कोसँग गर्ने भन्नेबारेमा विस्तृत रुपमा उल्लेख गर्नु आवश्यक हुन्छ।

बाकस ९ र १० मा उल्लेख गरिएका उदाहरणहरुका अनुसार रेडप्लसका सन्दर्भमा एफपीआइसीलाई व्यवहारमा लागू गर्दा स्थानीय स्तरमा थुप्रै किसिमका चुनौतीहरु आइपर्दछन्। केही महत्वपूर्ण चुनौतीहरु निम्नानुसार उल्लेख गरिएको छ।

- एफपीआइसी प्रक्रियामा स्थानीय समुदायले प्रशस्त र पर्याप्त समय खर्चिनु पर्ने हुनाले सो समयको क्षतिपूर्ति गर्नुपर्दछ।
- एफपीआइसी प्रक्रियाका विभिन्न चरणका छलफलमा सहभागी भएका व्यक्तिहरु लगातार रुपमा सहमतिसम्मै संलग्न हुनुपर्दछ ताकी उनीहरुले प्रक्रिया, छलफल र निर्णयका बारेमा राम्रोसँग जानकारी राखुन्।
- आपसमा छलफल गरी निर्णय गरिएको समय सबै सरोकारवालाहरुले पालना गर्नुपर्छ।
- एफपीआइसी प्रक्रिया जटिल भएकाले यसमार्फत् भएका निर्णयहरु स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा वाध्यकारी बनाउनुपर्दछ।

---

33. Edwards, K, Triraganon, R, Silori, C, & Stephenson, J 2012, *Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives: A Training Manual*, RECOFTC, IGES and Norad, Bangkok, Thailand.



- जग्गा तथा स्रोतसम्बन्धी परम्परागत र कानुनी दुबै प्रकारका स्वमित्वहरुको सम्मान हुनुपर्दछ जसका लागि प्रशस्त समय लाग्न सक्दछ ।
- खासगरी प्रस्तावित परियोजना स्थानीय तथा आदिवासी जनजातिलाई नयाँ हुने भएकाले उनीहरुको प्रभावकारी सहभागिताको लागि तथा अन्य सरोकारवालाहरुको लागि पनि पर्याप्त मात्रामा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- आवश्यक जानकारी सङ्कलन गर्न, विभिन्न समूह/उप-समूहका प्रतिनिधिहरु चयन गर्न र उनीहरुबीच विश्वासको वातावरण बनाउनका लागी पर्याप्त समय उपलब्ध गराउनु पर्दछ ।
- परियोजनाका सम्पूर्ण जानकारीहरु स्थानीयरुपमा उपयुक्त किसिमको संस्कृती, भाषा तथा विधिमा बुझाउनु चुनौती हुन्छ । त्यसैले यस कार्यका लागि स्थानीय सहजकर्ता नियुक्तगर्नु राम्रो हुन्छ । उक्त सहजकर्तालाई परियोजनासम्बन्धी सम्पूर्ण जानकारी दिएर मात्र गाउँमा कामका लागि खटाउनु पर्दछ । आवश्यक परेमा सहजकर्ताको क्षमता अभिवृद्धि समेत गर्नुपर्दछ ।
- यदि स्थानीय भाषा बोल्नसक्ने व्यक्ति कोही छैन भने स्थानीय भाषा अनुवादक पनि नियुक्त गरी ऊ मार्फत् काम गर्नुपर्दछ ।
- ठूला विवादहरुलाई आउन नदिन शुरुदेखी नै गुनासाहरु भन्ने, सुन्ने र त्यसलाई सम्बोधन गर्ने प्रक्रिया स्थापना गर्नुपर्दछ ।
- स्थानीय समुदायलाई परियोजना र त्यसले पार्ने प्रभावका बारेमा निष्पक्ष र पूर्ण जानकारी दिनुपर्दछ ।
- रेडप्लसका सन्दर्भमा सहमति भन्ने शब्दको अर्थ बुझाइमा विभिन्न संघसंस्था तथा सरोकारवालाहरुबीच एकरुपता छैन यसले गर्दा पनि एफपीआइसीको कार्यान्वयनमा चुनौती थपिन्छ ।
- एफपीआइसी प्रक्रिया राम्रोसँग सहयोगी भावनामा सम्पन्न गर्नका लागि परियोजना विकासकर्ताले कुनै किसिमको बलजफत, घुसपैठ, डरधम्की, लोभलालच, राजनीतिक तथा सामाजिक दवाव, व्याख्या अपव्याख्या आदि गर्नुहुँदैन ।



## बाकस ९ : एफपीआइसीको कार्यान्वयनसंग सम्वन्धित चूनौतीहरुको उदाहरण

फिलिपिन्सका खानी कम्पनीहरुले एफपीआइसी प्रक्रियामा गरेका कमजोरीहरु अपर्याप्त कार्यविधि र असफल कार्यान्वयनसँग सम्बन्धित छन् । उदाहरणका लागि अपर्याप्त कार्यविधिसँग सम्बन्धित कमजोरीहरु निम्न छन् ।

- सन् २०१२ भन्दा अगाडि परियोजना शुरुगर्नु भन्दा पहिले एकपटक मात्र एफपीआइसी गरेमा हुन्थ्यो ।
- एकपटक सहमती दिइसकेपछि त्यसमा पुनरावलोकन गर्ने व्यवस्था थिएन । त्यस्तै एफपीआइसी राम्ररी अवलम्बन नगर्ने परियोजनालाई निलम्बन गर्ने व्यवस्था पनि थिएन ।
- यदि परियोजनाले सबै स्थानीय जनतालाई प्रभाव पारेतापनि आदीबासी जनजातीकोमात्र सहमति लिई अन्य स्थानीय समुदायको सहमति नलिए पनि हुन्थ्यो ।
- एफपीआइसी प्रक्रिया तथा सहमति कार्यान्वयनका क्रममा कुनै पक्षले पनि सहमति भंग नगरोस् भनेर अनुगमन गर्ने संरचना थिएन ।
- सहमति पत्रमा हस्ताक्षर गर्नेकार्य समुदायभन्दा बाहिर भएकाले समुदायका नेतृत्ववर्ग तथा हस्ताक्षर गर्ने व्यक्तिहरुमै सहमति पत्रको विश्वासनियतामा कमी आयो ।

त्यसैगरी कार्यान्वयनसँग सम्बन्धित सवालहरु निम्नानुसार छन् ।

- परियोजना विकासकर्ताले परियोजना सञ्चालन गर्ने क्षेत्रमा समुदायका व्यक्तिहरुसँग छलफल गर्न सकेनन् ।
- आदिवासी जनजातीहरुको परम्परागत निर्णय गर्ने प्रक्रिया, एफपीआइसीका कार्यविधि आदि पालना गर्न परियोजना विकासकर्ता चुके ।
- स्थानीय अवस्थाको जानकारीकाबारेमा मिडिया मार्फत् अपव्याख्या गर्नुकासाथै जानकारीको प्रवाहमा समेत नियन्त्रण गरियो ।
- विभिन्न प्रकारका उपहार तथा बल प्रयोग गरी सहमति जुटाउने गरियो ।
- परियोजना सुरुगर्नु अघि सरकारले पनि राम्ररी एफपीआइसी गरिएको सुनिश्चितता गरेन ।
- परियोजनासम्बन्धी जानकारी एकपक्षियरुपमा परियोजना विकासकर्ताले मात्र उपलब्ध गरायो। सरकारले आवश्यक जानकारी उपलब्ध गराउने वा सर्वसाधारणले पाउने किसिमले राख्न तथा प्रवाह गर्ने कार्य गर्न सकेन ।
- सहमतिको निर्णय प्रक्रियालाई सुसूचित गर्न गुनासो व्यवस्थापन गर्न र एफपीआइसीको पर्याप्त जानकारी दिने काममा कञ्जुस्याइँ गरियो ।

**स्रोतः** Oxfam America 2013, *Free, Prior and Informed Consent in the Philippines*, Briefing Paper. Available from: <http://www.oxfamamerica.org/files/fpic-in-the-philippines-september-2013.pdf>. [7 January 2014].



एफपीआइसी कार्यन्वयन गराउनका लागि यससम्बन्धी नियम, कानून, मार्गदर्शन, कार्यविधि आदि तयार पार्ने राष्ट्रिय संस्था पनि जिम्मेवार हुन्छ । उक्त संस्थाले पनि प्रत्यक्ष परोक्षरुपमा अनुगमन तथा मूल्याङ्कनको काम सुरु गर्नुपर्दछ । तैपनि विस्तृतरुपमा सही किसिमले काम भए नभएको अनुगमन तथा मुल्याङ्कन गर्नका लागि स्वतन्त्र तेस्रो पक्षको आवश्यक पर्दछ । रेडप्लसको सन्दर्भमा भन्ने हो भने राष्ट्रिय स्तरमा रेडप्लसका लागि जिम्मेवारी निकाय नै एफपीआइसीको सही कार्यान्वयनका लागि जिम्मेवार हुन्छ । एफपीआइसीमा काम गर्ने राष्ट्रियस्तरका गैह्रसरकारी संस्था तथा राष्ट्रिय आदिबासी तथा जनजाति आयोग (फिलिपिन्समा) जस्ता संस्थाले पनि तटस्थ, स्वतन्त्र वा निश्पक्ष अनुगमन तथा मूल्याङ्कन गर्न सक्दछन् । जो संस्था वा व्यक्ति एफपीआइसीको कार्यान्वयनमा संलग्न छैनन् त्यस्तो संस्था वा व्यक्तले निश्पक्षरुपमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्दछन् । हाल प्रमाणित कार्वन मापदण्ड (भिसिएस) र जलवायु, समुदाय र जैविकविविधता सञ्जाल (सीसीबिए) गरी दुई संस्थासँग सहमति प्रक्रिया अनुगमन, मूल्याङ्कन र प्रमाणीकरण गर्ने अनुभव छ ।

हालसम्म कुनै पनि परियोजनामा अपूर्ण वा पक्षपातपूर्ण वा मार्गदर्शनले निर्देशित गरेभन्दा फरक किसिमको एफपीआइसी गरेको पाइएमा कारवाही गर्ने व्यवस्था छैन ।[34] एफपीआइसी प्रस्तावित परियोजना कार्यन्वयनका खतरालाई घटाउने उपाय पनि हो । त्यसैले पहिले छलफल गरिएजस्तै पूर्ण र न्यायपूर्ण किसिमले गरिएको एफपीआइसीले परियोजना विकासकर्ता र स्थानीय समुदाय तथा आदिवासी जनजाति सबैलाई फाइदा गर्दछ ।

34. Motoc, A & theTebtebba Foundation 2005, *Legal Commentary on the Concept of Free, Prior and Informed Consent*, Legal Working Paper Submitted to 21st Session of Commission on Human Rights. Available from: <www2.ohchr.org/english/issues/indigenous/docs/wgip23/WP1.doc >. [5 January 2014].



## बाकस १०: भियतनामको एफपीआइसी अनुभव

भियतनामको यूनरेड कार्यक्रमले सन् २०१० मा पहिलोपटक लामडोङ प्रान्तमा एफपीआइसी कार्यन्वयन गऱ्यो। त्यसकालागी ९ चरण भएको प्रक्रिया विकास गरियो। ती चरणहरु निम्नानुसार छन्। (१) तयारी जस्तै सञ्चार तथा जानकारीकालागी सामग्री बनाउने कार्य, (२) स्थानीय कर्मचारीसँग परामर्श, (३) स्थानीय सहजकर्ता छनौट र नियुक्ति, (४) स्थानीय सहजकर्ताको क्षमता अभिबृद्धि, (५) स्थानीय स्तरमा जनचेतना अभिबृद्धी, (६) गाउँस्तरीय भेला र बैठकको आयोजना, (७) निर्णयहरुको दस्तावेजीकरण, (८) स्थानीय सहजकर्ताले भियतनाम यूएनरेड कार्यक्रममा प्रतिवेदन दिने कार्य, (९) मूल्याङ्कन र प्रमाणीकरण।

मूल्याङ्कन र प्रमाणीकरण प्रक्रियामा निम्न ३ सवालहरु महसुस गरियो।

क) प्रस्तावित रेडप्लस कार्यक्रमको जोखिम तथा खर्चकाबारेमा थप जानकारी गराई छलफल गर्नुपर्ने।

ख) गाउँस्तरीय बैठक तथा छलफलहरु २ घण्टाका लागि मात्र गरेर छलफलको समयलाई निकै कम गरियो।

ग) स्थानीय समुदायकालाई स्वतन्त्र गुनासो व्यवस्थापन र समग्र एफपीआइसी प्रक्रियाको पुनरावलोकनका लागि अवसर दिइएन।

यि विश्लेषण र सिकाइका आधारमा एफपीआइसी प्रक्रियामा परिमार्जन तथा सुधार गरी भियतनामकै अन्य प्रान्तका साथै अन्य देशमा कार्यान्वयन गर्न सिफारिस गरिएको छ।

**स्रोतः** UN-REDD Programme 2010, *Applying Free Prior and Informed Consent in Vietnam*. Available from: <www.unredd.net/index.php?option=com_docman&task= cat_view&gid=849&Itemid=53 >. [12 November 2013]. 2) RECOFTC 2010, *Evaluation and Verification of the Free, Prior and Informed Consent Process under the UN-REDD Programme in Lam Dong Province, Vietnam*. Available from: <www.unredd.net/index.php?option=com_docman&task= cat_view&gid=849&Itemid=53 >. [12 November 2013].





# प्रश्न १०

## एफपीआइसीलाई रेडप्लसका सन्दर्भमा लागू गर्नका लागि स्थानीय जनताको भूमिका के हुन सक्दछ ?

परियोजना सञ्चालनका विभिन्न चरणमा सहमति दिने कि नदिने भन्ने अधिकार स्थानीय जनतासँग हुन्छ । सहमतिका लागि उनीहरु नै अन्तिम निर्णयकर्ता हुन् । उनीहरुले सहमति दिने वा नदिने भन्नाका लागि निम्नानुसारका बुँदाहरुमा पर्याप्त विचार पुऱ्याउनु पर्दछ ।

- सर्वप्रथम स्थानीय समुदायहरु संगठीत भई सहमति दिने प्रक्रिया, प्रतिनिधित्व र संस्थाका बारेमा प्रष्ट हुनुपर्दछ ।
- एफपीआइसी प्रक्रियामा समावेश भई व्यतित गरेको समयको क्षतिपूर्ती माग गर्न पाउनुपर्ने अधिकार स्थानीय समुदायसँग निहित हुन्छ ।
- यदि सरोकारवालाहरु खुल्ला दिमागले परियोजनाका बारेमा विभिन्न दृष्टिकोण बुझ्नका साथै प्रस्तावित परियोजनाको विकल्पमा समेत पर्याप्त छलफल गर्न तयार भएमा एफपीआइसी प्रक्रिया सहज रुपमा अगाडि बढ्दछ ।
- प्रस्तावित परियोजनाका हरेक तत्वहरुलाई राम्ररी बुझेर स्थानीय सहजकर्ताले नै माथि उल्लेख गरिएको प्रक्रिया सहजीकरण गर्न सक्दछन् । सामान्य चलनचल्तीमा रहेका तौरतरिका तथा सामग्री जस्तैः तस्विर, भूमिका अभिनय, सडक नाटक, गीत प्रतियोगिता तथा अन्य साँस्कृतिक कार्यक्रम मार्फत् प्रस्तावित परियोजनाकाबारेमा जानकारी प्रवाह गर्न र एफपीआइसीका प्रक्रियाहरु अगाडि बढाउन सकिन्छन् ।
- महिला लगायत स्थानीयस्तरका सम्पूर्ण सरोकारवालाहरुलाई एफपीआइसी प्रक्रियामा सहभागी भई प्रस्तावित/सञ्चालित परियोजनाकाबारेमा आफ्ना दृष्टिकोण, भनाइ तथा सवालहरु राख्नका लागि शसक्त बनाउन स्थानीय सहजकर्ताको भूमिका महत्वपूर्ण हुन्छ। यसका लागि स्थानीय सवाल तथा उदाहरणहरुको प्रयोग गर्ने, गाउँभित्रै विभिन्न ऐच्छिक समूहहरु बनाएर छुट्टाछुट्टै छलफल चलाउने, छलफलका बिषयवस्तुलाई अन्त्यमा संक्षेपीकरण गरेर पक्का गरेपछिमात्र गाउँस्तरको अघिल्लो बैठकमा लैजाने, आदि गर्ने गर्नुपर्दछ ।
- एक आपसमा सिक्ने सिकाउने उद्देश्यले गाउँमा भएका महिला, सिमान्तीकृत, आदिवासी जनजाती, जोखिममा परेका, गरीब जस्ता सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी आदिका विचार र दृष्टिकोणहरुको सम्मान गर्नुपर्दछ ।
- गाउँलेसँग पहिले त्यति सम्बन्धित नभएका तर प्रस्तावित परियोजनाको हकमा सम्बन्धित हुनसक्ने बाह्य सरोकारवालाहरुसँग स्थानीय समुदायको सम्बन्ध बढाइ एकआपसको विश्वास वृद्धि गर्न सकिन्छ । यसरी विकास गरिएको विश्वास परियोजना लागू गर्नका लागि सहमतिमा पुग्न लाभदायक हुन्छ ।
- निर्णय प्रक्रिया तथा गुनासो व्यवस्थापन गर्ने संरचनालाई चुस्त कामगर्ने किसिमले संस्थागत गर्नुपर्दछ ।
- यदि स्थानीय समुदायलाई आवश्यक पर्छ भने तेस्रो पक्ष वा सल्लाहकार नियुक्ती गर्ने निर्णय गर्नुपर्दछ र आवश्यक सरसल्लाह लिनुपर्दछ ।

RECOFTC

THE CENTER FOR PEOPLE AND FORESTS

रिकफ्टले एसिया प्रशान्त क्षेत्रमा वनको दिगो व्यवस्थापनका लागि स्थानीय जनताको क्षमता अभिबृद्धि गरी उनीहरुको अधिकार सुदृढीकरण गर्ने, शासकीय व्यवस्था सुधार्ने र न्यायपूर्ण रुपले फाइदाको बाँटफाँट गर्ने लक्ष्य लिएको छ । रिकफ्टले वन व्यवस्थापनको क्षेत्रमा बिशिष्ट र महत्वपूर्ण क्षेत्र ओगटेको छ। यो समुदायिक वनको क्षेत्रमा क्षमता अभिबृद्धि गर्ने कार्यमा बिशेष क्षमता भएको एकमात्र अन्तराष्ट्रिय गैह्रसरकारी तथा गैह्रनाफामूलक संस्थाको रुपमा स्थापित भएको छ। यो एसिया प्रशान्त तथा अन्य क्षेत्रमा समेत सरकारी, गैह्रसरकारी, शैक्षिक, निजी, अनुसन्धानमूलक संस्थाहरुका साथै नागरिक समाज र स्थानीय जनतासँगको प्रभावकारी सहकार्य र रणनितीक सञ्जालमा सक्रिय रुपले संलग्न छ। यसले बिगत २५ बर्षदेखि अन्तर्राष्ट्रियस्तरमा अनुसन्धान तथा विश्लेषण, प्रदर्शन तथा क्षमता अभिबृद्धिका गतिशील पद्धती विकास गर्नुकासाथै जनता र वनका लागि सिर्जनशील उपायहरु अवलम्बन गर्दै आएको छ ।

RECOFTC - The Centre for People and Forests
P.O. Box 1111
Kasetsart Post Office
Bangkok 10903, Thailand
Tel (66-2) 940-5700
Fax (66-2) 561-4880
info@recoftc.org
www.recoftc.org

Norad